धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक   जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ४६ ◆ २०८३ भदौ १७ गते बुधबार, Wednesday, September 2, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## चीनबाट आयो राहत सामग्रीको दोस्रो खेप

काठमाडौँ । चीनबाट सहयोगस्वरुप उपलब्ध गराइएको आपत्कालीन राहत सामग्रीको दोस्रो खेप आइपुगेको छ ।

चिनियाँ जनमुक्ति सेना (पिएलए)को वायुसेनाको विमानमार्फत आज साँझ उक्त राहत सामग्री काठमाडौँ आइपुगेको यहाँस्थित चिनियाँ दूतावासले जनाएको छ । चिनियाँ सहयोगी विशेषज्ञका रूपमा पाँच जना 'डिएनए' पहिचान विशेषज्ञ पनि सोही उडानमार्फत नेपाल आएका छन् । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुन र नेपालका लागि चिनियाँ राजदूत झाङ माओमिङ र राहत सामग्री हस्तान्तरण समारोहमा सहभागी हुनुभएको थियो । उहाँहरूले चिनियाँ विशेषज्ञलाई स्वागत गर्नुभएको थियो ।

राहत सामग्रीमा तत्काल आवश्यक 'ड्रोन', डिएनए परीक्षणका उपकरण तथा पानी शुद्धीकरण गर्ने सामग्री र अन्य उपकरण रहेका छन् ।

## कृष्णभीर पहिरोको दीर्घकालीन समाधानका लागि सुरुङ र बाइपास सडकको अध्ययन गरिने

काठमाडौँ । कृष्णभीर पहिरोका कारण प्रभावित पृथ्वी राजमार्गलाई सञ्चालनमा ल्याउन तत्काल अस्थायी संरचना निर्माण गरिने भएको छ । यस्तै, दीर्घकालीन समाधानका लागि सुरुङ तथा बाइपास सडकको विकल्पमा अध्ययन हुनेछ ।

भौतिक पूर्वाधारमन्त्री सुनिल लम्सालले पृथ्वी राजमार्ग सञ्चालन तथा तत्कालीन र दीर्घकालीन समाधानका विविध उपायका बारेमा छलफल भएको जानकारी दिनुभयो । मन्त्रालयमा मंगलबार बसेको बैठकले राजधानीसँगको आपूर्ति शृङ्खला पुनः स्थापनाका लागि हिलसाइडमा रहेको 'ग्याबियन ब्रेस्ट वाल' माथिबाट सवारीसाधन सञ्चालन गर्न मिल्ने गरी आवश्यक संरचना निर्माण अघि बढाउने निर्णय भएको उहाँले दिनुभयो । यस्तै, कृष्णभीर माथिबाट नयाँ ट्र्याक खोलेर सडक सञ्चालनमा ल्याउने विकल्पमा सहमति भएको छ ।

यस्तै, सडक सञ्चालनका लागि 'ट्र्याक' खोल्ने, 'ग्याबियन बक्स' तयार पार्ने तथा 'बोल्डर' हिलसाइडबाट तल खसालिनेछ । पहिरोको दीर्घकालीन समाधानका लागि सुरुङमार्ग निर्माण, 'सोइल नेलिङ', 'सिट पाइल'लगायतका विकल्पबारे सडक विभागले आवश्यक अध्ययन गर्ने छ ।

मन्त्रालयले सुरुङ वा बाइपास सडक निर्माणका सम्भावित विकल्पमा तत्काल अध्ययन गरी चालु आर्थिक वर्षको अन्त्यसम्म वैकल्पिक सडकको व्यवस्था गर्न आवश्यक प्रक्रिया अगाडि बढाउनेछ । सो विकल्पको अध्ययनका लागि नेपाल जियोटेक्निकल सोसाइटीले आवश्यक विज्ञ सेवा उपलब्ध गराउने छ ।

त्यसका लागि आवश्यकता अनुसार सडक विभागसँग समझदारी (एमओयू) गरिनेछ ।

## बाढीपीडितलाई सहयोग रकम जुट्दै

रुपन्देही । रुपन्देहीमा भोटेकोशी बाढी प्रभावितका लागि राहत जुटाउने क्रम अगाडि बढेको छ । प्रभावित परिवारको राहत, उद्धार तथा पुनःस्थापनाका लागि न्यू होराइजन इङ्लिस बोर्डिङ सेकेन्डरी स्कुल, बुटवलले रु नौ लाख १८ हजार ६६० सहयोग गरेको छ ।

विद्यालयका तर्फबाट रु पाँच लाख ५५ हजार ५५५, शिक्षक तथा कर्मचारीबाट रु दुई लाख ५२ हजार र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्रप्रसाद कसजूबाट रु एक लाख ११ हजार १०५ सङ्कलन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको छ ।

विद्यालयका प्राचार्य वासुदेव अर्यालले विपद्को समयमा पीडितको दुःखमा साथ दिनु सामाजिक उत्तरदायित्व भएको बताउँदै विद्यालय परिवारले मानवीय दायित्वबोधका साथ सहयोग गरेको जानकारी दिनुभयो । उता तनहुँको भानु-२ फुस्रेटारस्थित भानु महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले बाढीपीडितका लागि रु दुई लाख भन्दा बढी आर्थिक सहयोग गरेको छ । प्रभावित नागरिकको उद्धार तथा राहतका लागि सहकारीले रु दुई लाख ५५५ सहयोग गरेको हो ।

संस्थाका शेयर सदस्यहरूबाट स्वतःस्फूर्त रूपमा सङ्कलित रकम आज प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा गरिएको संस्थाका अध्यक्ष खिममाया गुरुङले जानकारी दिनुभयो ।

## गुठीचौर गाउँपालिकाद्वारा १२ लाख सहयोग

जुम्ला । जुम्लाको गुठीचौर गाउँपालिकाले भोटेकोशी बाढीपीडितको उद्धार तथा राहतका लागि रु १२ लाख ६७ हजार आर्थिक सहयोग उपलब्ध गराएको छ । गाउँ पालिकाको विपद् व्यवस्थापन समितिको मंगलबार को बैठकले प्रधानमन्त्री राहत कोषमा उक्त रकम जम्मा गर्ने निर्णय गरेको छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत टेकबहादुर बुढ्थापाले नागरिकको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिने बताउनुभयो । गाउँपालिकाले विपद्को यस कठिन घडीमा बाढीपीडितका लागि राहत तथा पुनःस्थापनाका काममा ऐक्यबद्धता जनाउँदै सबैलाई सहयोगको अपिलसमेत गरेको उहाँले बताउनुभयो ।

गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, शिक्षक तथा गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट रकम सङ्कलन गर्ने गाउँपालिकाका कार्यवाहक अध्यक्ष शान्तिकुमारी मल्लले जानकारी दिनुभयो ।

# विपत्ति प्रतिकार्य विश्वव्यापी जिम्मेवारी हो : प्रधानमन्त्री

*प्रत्यूष समाचारदाता*

काठमाडौँ । प्रधानमन्त्री वालेन्द्र शाहले गत बुधबार रसुवाको भोटेकोशी नदीमा आएको बाढी जलवायु परिवर्तनका कारण भएको बताउनुभएको छ । मंगलबार सामाजिक सञ्जालमार्फत उहाँले भन्नुभएको छ, "जलवायु परिवर्तनले हिमालय क्षेत्रको तापक्रम १.८ डिग्रीसम्म वृद्धि भइसकेको पुष्टि भएकाले सोही कारण यो विपत्ति आएकामा शङ्का छैन । जलवायु परिवर्तन विश्वव्यापी योगदान हो र प्रतिकार्य पनि विश्वव्यापी जिम्मेवारी हो ।"

प्रधानमन्त्री शाहले यस घटनाले हिमालय क्षेत्रमा जलवायु परिवर्तनसँगै हामीले खेप्नुपर्ने जोखिम बढ्दै गएको सङ्केत गरेको उल्लेख गर्नुभएको छ ।

"हामी सबैमाझ कसरी यो विपद् आइलाग्यो भन्ने जिज्ञाशा उठेको छ, विज्ञहरूसँग छलफल गर्दा रसुवाको भोटेकोशी नदीमा आएको बाढी हिमालय क्षेत्रमा हिउँ चट्टानको हिमपहिरोबाट सृजित यस क्षेत्रकै ठूलो विपत्ति हो भन्ने आएको छ, ।

त्यसैले यस क्षेत्र अझ सचेत हुनेपर्छ," उहाँले भन्नुभएको छ, "हामीले जलवायु परिवर्तनका कारण भोग्नुपरेको विपद्को विषयबारे अन्तरराष्ट्रिय समुदाय समक्ष बलियो गरी प्रस्तुत हुनुपर्ने समय आएको छ । हिउँ चट्टान किन खस्यो ? यति धेरै पानी कसरी आयो ? भन्ने प्रश्नको जवाफ मानव सभ्यतालाई जवाफ दिनैपर्छ ।"

हिमनदीभित्र पग्लिएको पानीको कारणले गर्दा हिमनदीको पतनमा बरफ र पानी दुवै मिसिएको हुनसक्ने प्रधानमन्त्री शाहको भनाइ छ । "विज्ञहरू भन्नुहुन्छ, भोटेकोशी नदीमा आएको बाढी, हिमनदीको एउटा सिङ्गै भाग ठूलो उचाइबाट खस्दा ठूलो ऊर्जासहित खसेको हुनसक्छ र खसेकै ठाउँमा पग्लिन सुरु गरी निरन्तर पग्लिँदै ठूलो बाढीको रूप लिएको हुनसक्छ । हिमालयको उचाइबाट नेपालतर्फको भूमि ओरालो लाग्दै गएकाले बाढीले थप लिँदै सो क्षेत्र क्षतविक्षत पारेको छ", प्रधानमन्त्री शाहले भन्नुभएको छ ।

प्रधानमन्त्री शाहले विनाशकारी बाढीपछि खोज, उद्धार र राहत वितरणबाट अगाडि बढ्दै पुनःस्थापनातर्फ अग्रसर भइरहेको समेत उल्लेख गर्नुभएको छ । साथै प्रभावित क्षेत्रका नागरिकको जीवनरक्षा गर्दै उहाँहरूको स्वास्थ्य बचाउन आवश्यक उपचार र मनोपरामर्श प्रदान गर्दै सरकार पुनःस्थापनातर्फ लागेको उहाँको भनाइ छ । उहाँका अनुसार बाढी प्रभावितलाई व्यवस्थित रूपमा राहत वितरणकार्य जारी छ । नुवाकोटका १९ वटा अस्थायी आश्रय स्थलमा दुई हजार ६५३ जनाले आश्रय तथा राहत प्राप्त गर्नु भएको छ । रसुवाका प्रभावितहरूलाई पनि नुवाकोटमा आश्रय तथा राहत उपलब्ध गराइएको छ ।

प्रधानमन्त्री शाहले विपत्तिपछि अन्तरराष्ट्रिय स्तरबाट पनि सहयोग आउने क्रम जारी रहेको उल्लेख गर्नुभएको छ । उहाँका अनुसार भारत सरकारले बाढी आएको दिनदेखि नै सहयोग दिन सुरु गरेको थियो । भारतले हालसम्म ६८.५ टन राहत तथा उद्धार सामग्री उपलब्ध गराइसकेको छ । उद्धारका लागि भारतको ११ सदस्यीय टोली पनि नेपाल आइसकेको छ । साथै, २२ फिटको रेफ्रिजेरेटेड कन्टेनर ट्रक अस्थायी रूपमा उपलब्ध गराउने तयारी गरेको छ ।

पाकिस्तानबाट ८६ टन राहत सामग्री प्राप्त हुँदैछ । श्रीलङ्काले १० लाख अमेरिकी डलर बराबरको सहयोगको प्रतिबद्धता जनाएको छ । बङ्गलादेशले पनि राहत सामग्री पठाउने तयारी गरेको छ ।

## पाँच दिनपछि धुन्चेमा जेनेरेटरः निःशुल्क मोबाइल चार्ज

*प्रत्यूष समाचारदाता*



रसुवा । जिल्ला सदरमुकाम धुन्चेमा 'मोबाइल फोन चार्ज'का लागि 'जेनेरेटर' ल्याइएको छ । भोटेकोशी नदीमा यही भदौ १० गते आएको अकल्पनीय विनाशकारी बाढीका कारण विगत पाँच दिनदेखि जिल्लाभर विद्युत् सेवा पूर्ण रूपमा अवरुद्ध छ ।

रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरुको अन्तराष्ट्रिय महासङ्घ (आइएफआरसी)का सहयोगमा नेपाल रेडक्रस सोसाइटीले 'जेनेरेटर' यहाँ ल्याएको हो । विद्युत सेवा अवरुद्ध हुँदा स्थानीयवासी सहित धुन्चे रहेका बाढी पीडित र तीर्थालुहरु आफन्त तथा बाहिरी संसारसँगको सम्पर्कबाट विच्छेद हुनुपरेको थियो । यसका लागि नेपाल रेडक्रस सोसाइटी रसुवा शाखा र तिलगङ्गा आँखा केन्द्रले संयुक्त पहल गरेका थिए । सदरमुकाम धुन्चेमा 'जेनेरेटर' ल्याइएसँगै निःशुल्क मोबाइल चार्ज गर्ने व्यवस्था मिलाइएको छ ।

अहिले १०० भन्दा बढीले एकसाथ मोबाइल चार्ज गरिरहनुभएको नेपाल रेडक्रसले जनाएको छ । यसबाट टाढा रहेका आफन्तलाई 'म सुरक्षित छु' भन्ने सन्देश पठाउन सहज बनेको छ । सदरमुकाममा जेनेरेटरमार्फत मोबाइल चार्ज गर्न पाउँदा स्थानीयवासी तथा टाढा-टाढाबाट आएका सेवाग्राहीलाई राहत मिलेको छ । चार्ज गर्ने सुविधा पाएपछि जिल्लावासीले आफ्ना आफन्तहरुसँग पुनः सम्पर्क स्थापित गर्न सफल भएका छन् । एकजना बाढीप्रभावितले भन्नुभयो "फोनकलले टुटेको आशालाई जोडेको छ, चिन्ताले भरिएका मनलाई सान्त्वना दिएको छ ।" बाढीका कारण अवरुद्ध बनेको विद्युत् सेवा पुनः सञ्चालनका लागि प्राविधिक टोली खटिरहेको र चाँडै सेवा सुचारु गराउन पहल भइरहेको जनाइएको छ ।

## श्रमिक सुरक्षा कोष स्थापना गर्न टानको आग्रह

काठमाडौँ । ट्रेकिङ एजेन्सीज एसोसिएसन अफ नेपाल (टान) ले पदयात्री सूचना व्यवस्थापन प्रणाली (टिम्स) को पूर्ण कार्यान्वयनको माग गरेको छ ।

यस्तै, पदयात्री तथा श्रमिक सुरक्षाका लागि 'सुरक्षा तथा राहत कोष' स्थापना गर्न अनुरोध गरेको छ ।

टानका अध्यक्ष सागर पाण्डेले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडक राज पौडेललाई ज्ञापनपत्र बुझाउँदै पर्यटन क्षेत्रको व्यवस्थित विकास तथा विपद्मा उद्धार कार्यलाई प्रभावकारी बनाउन टिम्सको अनिवार्य कार्यान्वयन हुनुपर्ने बताउनुभयो । नेपाल पर्यटन बोर्डले विसं २०७९ फागुनदेखि विदेशी पर्यटकका लागि टिम्स शुल्क रु दुई हजार र सार्क राष्ट्रका पर्यटकका लागि रु एक हजार तोकेको छ । टानले उक्त निर्णयलाई कडाइका साथ लागू गर्दै 'अनलाइन' प्रणालीलाई व्यवस्थित बनाउन आग्रह गरेको छ ।

टानले भदौ १० गते रसुवाको भोटेकोशीमा आएको भीषण बाढीका कारण कैयौं पर्यटक र सहयोगी श्रमिकले ज्यान गुमाएको, कतिपय अझै बेपत्ता रहेको भन्दै टिम्सको अभावमा उनीहरूको तथ्याङ्क पत्ता लगाउन र खोजतलास गर्न कठिन भएको जनाएको छ । टिम्स अनुमति नहुँदा कुन क्षेत्रमा कुन देशका कति पर्यटक र श्रमिक छन् भन्ने आधिकारिक जानकारी नहुने भएकाले विपद्को समयमा समस्या परेको टानको प्रष्टोक्ति छ । पदयात्रामा जाने पर्यटक र श्रमिकको सुरक्षा, उद्धार र उपचारका लागि रु २५ करोड बराबरको 'पदयात्री तथा पदयात्रा श्रमिक सुरक्षा तथा राहत कोष' स्थापना गर्नुपर्नेमा टानले जोड दिएको छ । रसुवा भोटेकोशी बाढीमा परी ज्यान गुमाएका पदयात्रा श्रमिकका परिवारलाई प्रतिव्यक्ति रु एक लाखका दरले राहत उपलब्ध गराउन पनि टानको माग छ ।

## सम्पादकीय ....

### सरकारको काम स्रहानीय

सरकारले अहिले उद्धार र राहतमा गरिरहेको काम महत्वपूर्ण छ तर अबको काम उद्धारपछि सुरु हुन्छ। बाँचेकालाई सुरक्षित स्थानमा सार्नु पर्छ। खानेपानी र स्वास्थ्यसेवा पुऱ्याउनु पर्छ । बालबालिकाको पढाइ रोक्न दिनु हुँदैन । रोजगारी गुमाएकालाई फेरि उभिन सक्ने आधार दिनु पर्छ । घर पुनर्निर्माण गर्नु पर्छ तर त्योसँगै एउटा पुरानो गल्ती दोहोऱ्याउनु हुँदैन । जहाँ बाढीले घर बगायो, त्यही ठाउँमा उस्तै जोखिम बोकेर फेरि घर बनाउने गल्ती । जहाँ पहिरोले सडक बगायो, त्यही जोखिमलाई नहेरी सडक बनाउने गल्ती । अब पुनर्निर्माणको अर्थ पुरानै ठाउँमा पुरानै संरचना बनाउनु हुँदैन । 'पहिलेभन्दा सुरक्षित' पुनर्निर्माण नेपालको नयाँ नीति बन्नु पर्छ ।

हिमताल र हिमनदीको निरन्तर निगरानी गर्नु पर्छ । पूर्वसूचना प्रणाली गाउँसम्म पुऱ्याउनु पर्छ । स्थानीय समुदायलाई विपत् आउँदा कहाँ जाने, कसरी जाने र कसलाई खबर गर्ने भन्ने नियमित अभ्यास गराउनु पर्छ । एउटा पूर्वसूचना प्रणालीमा आज खर्च भएको रकमले भोलि एउटा परिवारको जीवन बचाउन सक्छ । एउटा वैज्ञानिक अध्ययनले भोलि करोडौँको पूर्वाधार जोगाउन सक्छ। एउटा सुरक्षित पुलले विपत्का बेला एउटा गाउँलाई संसारसँग जोडिराख्न सक्छ । विपत् व्यवस्थापन भनेको विपत् आएपछि राहत बाँड्नु मात्रै होइन । विपत् आउनुअघि जोखिम घटाउनु हो ।

रसुवाको बाढीले हामीलाई एउटा असहज सत्यसँग आमनेसामने उभ्याएको छ । अब हरेक विपत्लाई 'दैवीप्रकोप' भनेर पन्छिन मिल्दैन । प्रकृतिलाई दोष दिएर हाम्रो जिम्मेवारी सकिँदैन । जलवायु परिवर्तनले जोखिमको प्रकृति बदलिरहेको छ । हाम्रो विकासले कतै जोखिम थपिरहेको छ र कमजोर पूर्वतयारीले त्यसलाई ठुलो विपत्मा बदलिरहेको छ। प्रकृति हाम्रो शत्रु होइन तर प्रकृतिको नियमलाई बेवास्ता गर्ने विकास हाम्रो शत्रु बन्न सक्छ। रसुवामा बगेको पानीसँग घर मात्र बगेका छैनन् । एउटा पुरानो विकास सोच पनि बगेको छ। अब हामीले त्यही भग्नावशेषमाथि उभिएर नयाँ प्रश्न सोध्नु पर्छ। हामी फेरि पहिले जस्तै संरचना बनाउने हो कि पहिलेभन्दा सुरक्षित बनाउने हो ? हामी फेरि त्यही जोखिममा फर्किने हो कि यस पटक जोखिम बुझेर अघि बढ्ने हो ?

रसुवाले त्यसको मानवीय मूल्य हाम्रो आँखैअगाडि देखाइदिएको छ । आज रसुवामा बगेको नदीलाई हामीले एउटा स्थानीय विपत्का रूपमा मात्र सम्झियौँ भने भोलि अर्को ठाउँमा त्यस्तै दृश्य देखिन सक्छ तर आजैबाट यसलाई चेतावनीका रूपमा लियौँ भने फरक भविष्य बनाउन सकिन्छ । विज्ञानलाई प्राथमिकता दिन सकिन्छ। पूर्वसूचना प्रणाली बलियो बनाउन सकिन्छ ।

बगेको घर बनाउन सकिन्छ। भत्किएको पुल बनाउन सकिन्छ। बिग्रिएको सडक बनाउन सकिन्छ। अर्थतन्त्र फेरि उठाउन सकिन्छ तर ज्यान फर्किंदैन । त्यसैले रसुवाले हामीलाई दिएको सबैभन्दा ठुलो सन्देश सायद यही हो, विपत् आएपछि उद्धार गर्ने देश होइन, विपत् आउनुअघि जीवन जोगाउने देश बन्नु पर्छ ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ –३, धादिङबेसी,**
**फोन ०१०–५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## बाजुराको माटोमा :उज्ज्वलको 'सपना'

*टेकबहादुर बुढा*

उज्ज्वल रावत स्याउ खेतीलाई जीविकोपार्जनको मुख्य आधार बनाउने बाटोमा तल्लिन छन् ।

बुढीनन्दा नगरपालिका-९ पाण्डुसैनमा रहेको उहाँको स्याउ बगैँचा अहिले पहिचानसँग जोडिन थालेको छ। समुद्री सतहबाट करिब दुई हजार ४०० मिटरको उचाइमा छ, उहाँको स्याउ बगैँचा ।

कुनै बोटमा राताम्मे स्याउका दाना झुन्डिएका छन्, कुनै बोटका फल पाक्ने पर्खाइमा छन् । यही बगैँचाको बीचमा भेटिन्छन् । बाजुराका स्याउ कृषक उज्ज्वल रावत । एक हातले स्याउको हाँगा समाउँदै र अर्को हातले पाक्दै गरेको फल नियालिरहेका उज्ज्वलका लागि स्याउ केवल फल होइन । वर्षौंको मेहनत, धैर्य र भविष्यसँग जोडिएका सपना हुन् ।

**हाँगाबाट सुरु भएको यात्रा**

उज्ज्वलको स्याउखेतीको कथा भने आजभन्दा झन्डै चार दशक पुरानो हो । विसं २०४४/४५ सालतिर उहाँका बुवा लालबहादुर रावतले स्याउका हाँगा रोपेर खेती सुरु गर्नुभएको थियो ।

त्यतिबेला स्याउखेतीलाई व्यावसायिक बनाउने सोच भए पनि त्यसले ठूलो आकार लिन सकेको थिएन । पछि बुवाले सुरु गरेको खेतीलाई व्यावसायिक बनाउने जिम्मा उज्ज्वलले सम्हालेका हुन् ।

खेती सुरु गर्दा उहाँको मनमा ठूला सपना थिएन । गाउँमा अधिकांश किसानको मुख्य निर्भरता परम्परागत अन्नबालीमै थियो । जमिनमा मकै, गहुँ, जौलगायतका बाली लगाउने चलन थियो । तर, उहाँको परिवारले विस्तारै आफ्नो जमिनको सम्भावना फरक ढङ्गले हेर्न थाल्नुभयो ।

बाजुराको हावापानी स्याउका लागि अनुकूल हुनुका साथै बजारसम्मको पहुँच विस्तार हुँदै गएकाले स्याउखेतीलाई व्यावसायिक रूपमा अघि बढाउन सकिने निष्कर्षमा पुगे उहाँका परिवार । "२०६० सालतिर एक संस्थाले एक हजार बिरुवा वितरण गरेको थियो । त्यसबाट ४०० बिरुवा गाउँका सबैलाई बाँडियो । बाँकी ६०० विरुवा रोपेर स्याउखेती सुरु गरियो", उज्ज्वललाई बिगत सम्झना छ ।

जुम्लाका एक कृषकले बिरुवा बिक्री गर्न ल्याएका थिए । बिक्री नभएका एक हजार ८०० बिरुवा सदरमुकाम मार्तडीमै राखिएका थिए । कृषि ज्ञान केन्द्रले उक्त बिरुवा निःशुल्क उपलब्ध गराएपछि आफूहरूले ढुवानी गरेर पाण्डुसैन पुर्याएको उहाँले बताउनुभयो । "त्यसपछि २०६५ बाट स्याउखेतीलाई व्यावसायिक रूपमा विस्तार गरियो", उज्ज्वलले भन्नुभयो ।

**विदेश जाने योजना रोकेर गाउँमै सम्भावना देखेका उज्ज्वल**

सानै उमेरदेखि स्याउखेतीमा आकर्षित उज्ज्वलले केही वर्षअघि भने गाउँ छाडेर विदेश जाने योजना बनाउनुभयो । विसं २०७८ मा उहाँ जापान जाने तयारीमा लाग्नुभयो ।

गाउँमै बसेर जति काम गरे पनि राम्रो आम्दानी नहुने उहाँको बुझाइ थियो । त्यसैले वैदेशिक रोजगारीमार्फत आर्थिक अवस्था सुधार्ने सपना देख्नुभएको थियो ।

अकास्मात जापान जाने उहाँको सोच बदलियो । "विदेश गए पनि फेरि फर्केर आउने गाउँमै हो ।

यहाँ आएपछि यही खेती गर्नुपर्छ भने मैले किन विदेश जाने भन्ने लाग्यो", उहाँ भन्नुहुन्छ । त्यसपछि विदेश जाने योजना रोकेर गाउँमै सम्भावना देखे स्याउखेतीको ।

"बरु विदेशबाट फर्केर आउँदासम्म यही खेतीलाई व्यावसायिक बनाइसक्छु भन्ने सोच आयो । अहिले सामान्य खर्च जुटे पनि भविष्यमा राम्रै आम्दानी हुन्छ भन्ने दृढ इच्छाशक्तिका साथ लागेँ", उज्ज्वलले भने । अहिले उनको त्यो निर्णयको परिणाम विस्तारै देखिन थालेको छ ।

'साहारा कृषि फार्म' दर्ता गरेर स्याउखेती गरिरहेका उज्ज्वल एक्ला छैनन् । उहाँका दाजु पुरबहादुर रावतसहित परिवारका सदस्यले उहाँलाई सहयोग गर्नुभएको छ। कृषिमा भविष्य नदेखेर गाउँका धेरै युवा वैदेशिक रोजगारी वा अन्य अवसर खोज्दै बाहिर गएका बेला उज्ज्वल भने आफ्नै गाउँको माटोमा सम्भावना खोजिरहेका छन् ।

उहाँको बगैँचा अहिले निजी फार्म मात्र नभएर गाउँका अन्य किसानका लागि व्यावसायिक कृषिबाट मनग्गै आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण बन्न थालेको छ ।

साहारा कृषि फार्मका व्यवस्थापक उज्ज्वलको बगैँचामा अहिले करिब ६०० स्याउका बोट छन् । तीन हेक्टर क्षेत्रफलमा स्थानीय जातसँगै रोयल डेलिसेस, रेड डेलिसेस, गोल्डेन डेलिसेस, गाला, फुजीलगायत जातका स्याउखेती गरिएको छ ।

उज्ज्वलले स्याउ बिक्रीबाट खर्च कटाएर वार्षिक रु आठ लाखसम्म आम्दानी गर्नुभएको छ । गत वर्ष उहाँले १८० क्वीन्टल स्याउ बिक्री गर्नुभएको थियो। यस वर्ष उत्पादन बढेको छ। बजारसम्म सबै उत्पादन पुर्याउन सके करिब ३०० क्वीन्टल स्याउ बिक्री हुने उहाँको अनुमान छ ।

"उत्पादन बढ्दै गएको छ। अब राम्रो बजार खोज्ने, गुणस्तरीय उत्पादन गर्ने र आफ्नै ब्रान्ड बनाएर बजारमा लैजाने योजना छ", उहाँले भन्नुभयो। पर्याप्त लगानी, नियमित मेहनत र बजार व्यवस्थापन गर्न सके गाउँमै बसेर परिवारको सपना पूरा गर्न विदेशका मरभूमि धाउन नपर्ने उदाहरण हुन्, उज्ज्वल ।

बगैँचामा फल पाकेका हेर्दा उज्ज्वलको अनुहारमा देखिने खुसीमा वर्षौंको सङ्घर्षको कथा पढ्न सकिन्छ। परम्परागत खेतीबाट हुने आम्दानी सीमित हुने अवस्थामा व्यावसायिक खेतीले परिवारको आयआर्जनमा ठूलो योगदान पुर्याउन सक्ने उहाँको विश्वास छ ।

**अब उज्ज्वलको सपना बगैँचाभन्दा बाहिर**

कुनै समय विदेश जाने तयारीमा रहेका उज्ज्वल अहिले आफ्नै बगैँचामा भविष्य खोजिरहेका छन् । जापान जाने सपना रोकिएपछि उहाँले बाजुराको माटोमै सम्भावना देख्नुभयो। त्यही सम्भावनालाई मेहनत, लगानी र धैर्यले विस्तार गर्दै लगेँ ।

उहाँका हजारौँ स्याउका बोटमा फल लाग्दा त्यो एउटा किसानको उत्पादन मात्र रहेन। मेहनतले सम्भावनालाई परिणाममा बदल्न सक्छ! भन्ने उदाहरण पनि बनेको छ । उज्ज्वलको सपना अब आफ्नै बगैँचामा सीमित छैन । उहाँ चाहानुहुन्छ बाजुराको स्याउले देशका ठूला बजारमा पहिचान बनाओस्, किसानले आफ्नो उत्पादनको उचित मूल्य पाऊन् र गाउँमै बसेर भविष्य देख्न सकून् ।

**उत्पादन बढ्यो, तर बजारसम्म पुर्याउने बाटो छैन**

उज्ज्वलको बगैँचामा उत्पादन बढ्दै गएको छ। तर उत्पादन बढेसँगै उनको चिन्ता पनि थपिएको छ । कसरी बजारसम्म स्याउ पुर्याउने ?

पाण्डुसैनमा उत्पादित स्याउको मुख्य बजार सदरमुकाम मार्तडीसँगै धनगढी, नेपालगञ्ज, काठमाडौंलगायतका सहर हुन् । तर बजारसम्म स्याउ पुर्याउन हरेक वर्ष यातायातको समस्या बाधक बन्छ ।

पाण्डुसैनबाट सदरमुकाम मार्तडी जोड्ने मार्तडी-कोल्टी सडक वर्षायाममा अवरुद्ध हुने गर्छ। दुर्भाग्यवश, यही समय स्याउ पाक्ने मुख्य सिजन पनि हो। सडक अवरुद्ध हुँदा कतिपय ठाउँमा गाडीबाट र कतिपय ठाउँमा पिठ्युँमै बोकेर दाना सदरमुकामसम्म पुर्याउनुपर्ने बाध्यता छ ।

"स्याउको बजार राम्रै छ। तर अहिले वर्षाका कारण सडक अवरुद्ध छ। सडक खुल्ने भनेको असोज मसान्ततिर मात्रै हो । त्यति बेलासम्म आधाभन्दा बढी दाना झरेर चरा र अरिङ्गालले खाइसकेका हुन्छन्", उज्ज्वल भन्नुहुन्छ । उहाँका अनुसार बजारसम्म करिब ४० प्रतिशत मात्रै दाना पुर्याउन सकिएको छ। "करिब ६० प्रतिशत दाना बारीमै खेर जान्छ", उहाँले भन्नुभयो ।

उत्पादन बढ्दै गए पनि भण्डारणको सुविधा नहुँदा किसान थप समस्यामा छन् । सडक बन्द भएका बेला स्याउ सुरक्षित राख्न सके मर्का पर्दैन ।

बाजुरावासीका लागि पाण्डुसैनमा चिस्यानयुक्त भण्डारण अर्थात कोल्ड स्टोरको निर्माण हुन सके बरदान हुने थियो ।

"अहिले बाटो सुचारु नभए पनि एउटा कोल्ड स्टोर भएको भए स्याउ त्यहीँ राख्न सकिन्थ्यो । त्यो पनि छैन। त्यसैले दाना बारीमै झरेर कुहिने अवस्था आउँछ", उज्ज्वलले भन्नुभयो । बाजुरामा स्याउ उत्पादन बढ्दै गएसँगै उचित मूल्य, भण्डारण, प्याकेजिङ र ढुवानीको व्यवस्था किसानका लागि प्रमुख चुनौती बन्दै गएको छ ।

**'बाजुराको स्याउले सिङ्गो सुदूरपश्चिम धान्न सक्छ'**

बाजुराको स्याउमा रहेको सम्भावनालाई प्रदेशस्तरमै ठूलो सम्भावनाका रूपमा हेरिएको छ। सुदूरपश्चिम प्रदेशसभा सदस्य नरेश शाहीले बाजुराको स्याउले सिङ्गो सुदूरपश्चिमको माग धान्न सक्ने बताउनुभएको छ ।

पाण्डुसैनस्थित साहारा स्याउ बगैँचाको अवलोकन गर्दै उहाँले बाजुराको स्याउलाई व्यवस्थित बजार र प्रवर्द्धन गर्न सके ठूलो आर्थिक सम्भावना रहेको बताउनुभयो । "सुदूरपश्चिमका लागि बाजुराको स्याउले धान्ने खालको देखियो ।

प्रदेशको कृषि मन्त्रालयको रिपोर्टले स्वामीकार्तिक खापर गाउँपालिका र बुढीनन्दा नगरपालिकाको स्याउले सिङ्गो सुदूरपश्चिम धान्न सक्छ भनेको छ। त्यसलाई बजार व्यवस्था र प्रवर्द्धन गर्न सक्नुपर्छ", शाहीले भन्नुभयो । उहाँका अनुसार स्वामीकार्तिक खापर र बुढीनन्दासँगै जगन्नाथ, हिमालीलगायतका पालिकाका लेकाली क्षेत्रमा पनि स्याउको प्रचुर सम्भावना छ ।

## बाढी र डुबान हुनुपूर्वको तयारी

- **नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं,**
- **घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं,**
- **आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामाग्री घरको अग्लो ठाउँमा राखौं,**
- **गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,**
- **बर्षायाममा सधै मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,**
- **बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,**
- **प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं ।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

## मुख्यमन्त्री थापा विरुद्धको रिटमा अन्तरिम आदेश दिन अस्वीकार

मकवानपुर । बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरको नियुक्तिसहितका विषयमा दायर रिट निवेदनमा उच्च अदालत पाटन, हेटौँडा इजलासले अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको छ । योसँगै प्रदेश सरकारका काम कारबाही रोक्नुपर्ने अवस्था नरहेको र प्रदेश सरकारले नियमित रूपमा आफ्ना काम अघि बढाउन सक्ने अदालतका उपरजिस्टार प्रवक्ता बद्रीप्रसाद लामिछानेले जानकारी दिनुभयो ।

न्यायाधीशद्वय जनक पाण्डे र किरणकुमार पोखरेलको संयुक्त इजलासले बुधबार अन्तरिम आदेश जारी गर्न नमिल्ने आदेश दिएको हो । कुमारी तामाङले प्रदेश प्रमुखको कार्यालय, बागमती प्रदेशलाई विपक्षी बनाइ मुख्यमन्त्री थापामगरको नियुक्ति तथा विश्वासको मतसम्बन्धी प्रक्रियामाथि प्रश्न उठाउँदै रिट दायर गर्नुभएको थियो ।

रिटमा अन्तिम टुङ्गो नलागेसम्म मुख्यमन्त्रीलाई काम गर्न रोक लगाउन, विश्वासको मतसम्बन्धी प्रक्रिया अघि नबढाउन तथा नियुक्तिसम्बन्धी काम कारबाही रोक्न अन्तरिम आदेश माग गरिएको थियो ।

अदालतले प्रदेशसभा सदस्य किरण थापामगर २०८३ भदौ १४ गते मुख्यमन्त्रीमा नियुक्त भई मन्त्रिपरिषद् गठन भइसकेको र भदौ १९ गते प्रदेशसभाबाट विश्वासको मतसमेत प्राप्त गरिसकेको अवस्थालाई आधार मानेको छ ।

प्रदेश सरकारको कार्यसम्पादनलाई तत्काल रोक्दा कार्यपालिकालाई लामो समयसम्म 'शून्य' अवस्थामा राख्नुपर्ने अवस्था आउन सक्ने भन्दै अदालतले अहिले अन्तरिम आदेश जारी गर्न नमिल्ने ठहर गरेको हो । बागमती प्रदेशसभा सचिवालयका प्रवक्ता एवं कानुन उपसचिव प्रकाश चापागाईंले अदालतको आदेशपछि प्रदेश सरकारको काम कारबाहीमा कुनै अवरोध नरहेको बताउनुभयो ।

"अन्तरिम आदेश जारी गर्न अदालतले अस्वीकार गरेसँगै भए-गरेका काम कारबाही रोक्नुपर्ने अवस्था रहेन र प्रदेश सरकारले आफ्ना काम कारबाही गर्न कुनै अवरोध छैन", उहाँले सो क्रममा भन्नुभयो ।

चापागाईंले अदालतको आदेश लाई सम्मान गर्दै सचिवालयले आफ्नो हकमा प्रतिरक्षा गर्ने बताउनुभयो । मुद्दाको अन्तिम निरूपण हुन बाँकी रहेकाले अहिले नै कुनै निष्कर्ष निकाल्नु उपयुक्त नहुने उहाँको भनाइ छ ।

"अदालतको अन्तिम फैसला तथा आगामी कानुनी प्रक्रियालाई हामी प्रतीक्षा र सम्मानका साथ हेर्नेछौँ", उहाँले भन्नुभयो ।

## वैज्ञानिक प्रक्रिया पूरा गरी शव व्यवस्थापन गर्न सकिने

काठमाडौँ । सरकारले बाढीका कारण ज्यान गुमाएका र पहिचान हुन नसकेकाहरूको शव कानून बमोजिम वैज्ञानिक प्रक्रिया पूरा गरी व्यवस्थापन गरिरहेको जनाएको छ ।

'पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३' बमोजिम व्यवस्थापन जारी छ । हालसम्म रसुवामा ६, काठमाडौँमा ४७, चितवनमा २९२, धादिङमा २५, गोरखामा ३९, तनहुँमा १५, नवलपरासीपूर्वमा १७४ र नवलपरासीपश्चिममा ६९ वटा शव व्यवस्थापन भइसकेको छ । पहिचान हुननसकेका शव जमिनमुनी व्यवस्थापन भइरहेको छ ।

पहिचान गर्न नसकिने अवस्थामा भेटिएका शवलाई मात्रै डिएनएलगायत अन्य पहिचानलाई सहयोग गर्ने आधारहरू सुरक्षित राखी व्यवस्थापन भइरहेको छ । हालसम्म एक हजार ५० जनाको शव फेला परेको छ । पहिचान गर्न नसकिने अवस्थामा भेटिएका शवलाई मात्रै डिएनएलगायत अन्य पहिचानलाई सहयोग गर्ने आधारहरू सुरक्षित राखी व्यवस्थापन भइरहेको सरकारको भनाइ छ । नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको सहयोगमा यी शव व्यवस्थापन भइरहेको छ ।

डिएनए परीक्षण

नेपाल प्रहरीले प्रकाशित गरेको सूचनाअनुसार बाढीका कारण मृत्यु भइ शव फेला परेका शवहरूको शकमा नेपाली तथा विदेशी नागरिकहरूले डिएनए परीक्षणमार्फत शव तथा शरीरका कुनै अङ्ग वा भाग यकिन गर्न अनुरोध गर्न सक्छन् । प्रहरी निरीक्षक शम्भुबहादुर केसीका अनुसार डिएनए परीक्षणका लागि सबैभन्दा नजिकको रगतको नाता बुबा, आमा, छोरा वा छोरीमध्ये कोही एक जनाको रगतको नमूना सङ्कलनका लागि २ प्रति पासपोर्ट साइजको फोटोसहित नेपाल प्रहरी अस्पताल महाराजगञ्ज, प्याथोलोजी ल्याब, काठमाडौँ वा नजिकको जिल्ला प्रहरी कार्यालयमा सम्पर्क राख्नुपर्ने हुन्छ ।

उहाँका अनुसार विदेशमा रहेका व्यक्तिको हकमा, बाबु, आमा, छोरा र छोरीमध्ये कोही १ जनाको विदेशमा नै डिएनए परीक्षण गरी तुलनाका लागि सफ्ट कपी नेपाल प्रहरीको आधिकारिक इमेलमा पठाउने व्यवस्था छ ।

## बाढी प्रभावित क्षेत्रका लागि एक अर्ब निकासा

काठमाडौँ । सरकारले बाढी प्रभावित क्षेत्रका लागि रु एक अर्ब निकासा गरेको छ । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा गुणाकर भट्टको संयोजकत्वमा बसेको बैठकले उक्त निर्णय गरेको हो ।

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा भएको मध्येबाट उक्त रकम निकासा गरिएको हो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले भन्नुभयो, "प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको नाममा रहेको एभरेष्ट बैंक सिंहदरबार शाखामा मौज्दात रहेको रकममध्ये रु एक अर्ब विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ बमोजिम विपद् व्यवस्थापन कोषमा उपलब्ध गराउने निर्णय गरिएको छ", उहाँले भन्नुभयो । प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष सञ्चालन नियमावली, २०६३ बमोजिम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष स्थापना भएको हो । कार्यकारी प्रमुख उप्रेतीका अनुसार सरकारले निकासका गरेको उक्त रकममध्ये रसुवाको उत्तरगया गाउँपालिकाका लागि रु ७५ लाख, गोसाइँकुण्ड गाउँपालिका का लागि रु एक करोड, कालिका गाउँपालिकाका लागि रु ३० लाख र आमछोदिङ्मो गाउँपालिकाका लागि रु २० लाख निकासा गरिएको छ । त्यसैगरी नुवाकोटको बिदुर नगरपालिकाका लागि रु एक करोड ५० लाख, बेलकोटगढी नगरपालिकाका लागि रु ७५ लाख किस्पाङ गाउँपालिकाका लागि रु २५ लाख र तारकेश्वर गाउँपालिकाका लागि रु ५० लाख निकासा गरिएको छ । धादिङको गल्छी गाउँपालिकाका लागि रु ३० लाख, सिद्धलेक गाउँपालिकाका लागि रु २० लाख, गजुरी गाउँपालिकाका लागि रु २० लाख, बेनिघाट रोराङ गाउँपालिकाका लागि रु २० लाख तथा गोरखाको गण्डकी गाउँपालिकाका लागि रु २० लाख र तनहुँको देवघाट गाउँ पालिकाका लागि रु २० लाख निकासा गरिएको छ । उहाँका अनुसार प्रभावित पालिकाका लागि सोही रकम बराबरको रकम पठाइएको थियो । "बाढी प्रभावित १५ पालिकामा ६ करोड ५० लाख निकासा गरिएको थियो, अहिले पनि सोही रकम बराबर निकासा गरिएको छ, हालसम्म १५ पालिकामा रु १३ करोड ५० लाख निकासा भइसकेको छ", उहाँले भन्नुभयो । सरकारले बाढी आएको दिन सरकारले तत्कालै रसुवाका लागि रु एक करोड, नुवाकोटका लागि रु एक करोड र धादिङका लागि रु ५० लाख पठाइएको थियो । विपद् पश्चात स्थानीय तहको सेवा तत्काल सञ्चालन गर्न, अवरुद्ध सडक, खानेपानी, सञ्चार, विद्युत ल गायतका सेवाहरू सामान्य मर्मत सम्भार गरी तत्काल सञ्चाल गर्न, स्वास्थ्य चौकी र विद्यालय सञ्चालानार्थ तत्काल गर्नुपर्ने सामान्य मर्मत सम्भार तथा अस्थायी प्रकृतिका संरचना तयार गरी सेवा सञ्चार गर्न, विपद् पीडित परिवारलाई तत्काल बस्नका लागि आवश्यक सामग्री उपलब्ध गराउन र विपद् प्रभावित स्थानसम्म राहत सामग्री ढुवानीका लागि स्थानीय तहले खर्च गर्नुपर्नेछ ।

## नेपाल-जापानबीच बधाई सन्देश आदानप्रदान

काठमाडौँ । नेपाल र जापानबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औँ वार्षिकोत्सवको अवसरमा मंगलबार दुवै देशका विदेश मन्त्रीहरूबीच बधाई सन्देश आदानप्रदान भएको छ । परराष्ट्रमन्त्री शिशिर खनालले जापानका विदेशमन्त्री मोतेगी तोशिमित्सुलाई पठाउनुभएको सन्देशमा उहाँसहित उहाँमार्फत जापान सरकार र त्यहाँका जनतालाई शुभकामना तथा बधाई ज्ञापन गर्नुभएको छ ।

इतिहास र संस्कृतिमा आधारित नेपाल र जापानबीचको दीर्घकालीन सम्बन्धलाई उजागर गर्दै मन्त्री खनालले दुवै देशले पारस्परिक विश्वास, सद्भावना, समभ्रदारी तथा सहयोगमा आधारित समयको कसौटीमा खरो उत्रिएको मित्रता विकास गर्दै आएको बताउनुभयो ।

विश्वसनीय विकास साझेदार जापानबाट नेपालको विकास प्रयासमा प्राप्त भइरहेको मूल्यवान् सहयोगको प्रशंसा गर्दै उहाँले व्यापार, लगानी, ऊर्जा, पूर्वाधार, पर्यटन, शिक्षा तथा संस्कृतिका क्षेत्रमा दुवै पक्षबीच विभिन्न तहमा भइरहेका महत्त्वपूर्ण सहकार्य निरन्तर रूपमा विस्तार हुँदै गएका उल्लेख गर्नुभयो । उहाँले आगामी वर्षहरूमा पनि यो दीर्घकालीन बहुआयामिक साझेदारी थप सुदृढ र विस्तार हुने विश्वास व्यक्त गर्नुभयो । त्यसैगरी, जापानका विदेशमन्त्री मोतेगीले नेपालका परराष्ट्रमन्त्री खनाललाई पठाउनुभएको सन्देशमा जापान-नेपाल कूटनीतिक सम्बन्ध स्थापना भएको ७०औँ वार्षिकोत्सव को मनाउन पाउँदा खुसी लागेको बताउनुभयो । सन् १९५६ मा कूटनीतिक सम्बन्ध स्थापना भएदेखि दुवै देशले अर्थतन्त्र, संस्कृति, शिक्षा तथा जनस्तरको आदानप्रदानलगायत विभिन्न क्षेत्रमा सहयोगलाई थप गहिरो बनाउँदै मैत्रीपूर्ण सम्बन्ध विकास गरेको उल्लेख गर्नुभयो ।

## पहिरोले अवरुद्ध कालीगण्डकी करिडोर सडक सञ्चालन

गुल्मी । अविरल वर्षासँगै आएको पहिरोका कारण अवरुद्ध बनेको गुल्मीको कालीगण्डकी करिडोर सडकखण्ड सञ्चालनमा आएको छ । मंगलबार बिहान आएको पहिरोका कारण कालीगण्डकी करिडोर खण्डअन्तर्गत कालीगण्डकी गाउँपालिका-२ राक्सेमा सडकमाथिबाट पहिरो खसेपछि सडक पूर्ण रूपमा अवरुद्ध भएको थियो ।

सडक निर्माण कम्पनी, स्थानीय पालिका र सुरक्षाकर्मीको समन्वयमा आज दिनभर डोजर प्रयोग गरी पहिरो पन्छाएसँगै उक्त सडकखण्डमा यातायात सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक वीरेन्द्रवीर विश्वकर्माले जानकारी दिनुभयो । कालीगण्डकी करिडोर सडक अवरुद्ध भएपछि प्रहरी चौकी पूर्तिघाटबाट प्रहरी सहायक निरीक्षक बाबुराम श्रेष्ठको नेतृत्वमा उक्त क्षेत्रमा आज बिहानैदेखि प्रहरी टोली परिचालन गरिएको थियो । सडक सञ्चालनमा आएसँगै बिहानदेखि पूर्तिघाट र रुद्रवेणी क्षेत्रमा रोकिएका सम्पूर्ण सवारीसाधन आ-आफ्नो गन्तव्यतिर लागिसकेका प्रहरीले जनाएको छ । उक्त कालीगण्डकी करिडोर सडक जिल्लाको प्रमुख सडक सञ्जालअन्तर्गत पर्दछ ।

## मन्दिरको पाँच लाख ५५ हजार भेटी बाढीपीडितलाई

बागलुङ । बागलुङ कालिका भगवती मन्दिर ले रु पाँच लाख ५५ हजार भेटी सङ्कलन भएको रकम भोटेकोशी बाढीपीडितलाई सहयोग गरेको छ ।

कालिका भगवती गुठी व्यवस्थापन समितिको मंगलबार बसेको बैठकले भोटेकोशी बाढीपीडितको उद्धार र राहतका लागि मन्दिरको भेटीबापत सङ्कलित रकमबाट सहयोग गर्ने निर्णय गरेको समितिका अध्यक्ष रामबहादुर खड्काले जानकारी दिनुभयो । बाढीपीडितको उद्धार र राहतमा मन्दिरमा सङ्कलन भएको भेटीको रकमबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषलाई सहयोग गर्ने निर्णयअनुसार कोषमा रकम जम्मा गरिने उहाँले बताउनुभयो ।

कालिका भगवती मन्दिर गण्डकी प्रदेशको प्रसिद्ध शक्तिपीठ मध्येको प्रमुख हो । मन्दिरमा वार्षिक रूपमा १० लाख भक्तजन आउने र करोडौँ भेटी सङ्कलन हुँदै आएको छ । विसं १५९१ मा स्थापना भएको यो मन्दिरमा मङ्गलबार र शनिबार विशेष पूजा हुने गर्दछ ।

## शर्मा कम्पनी तथा सञ्जीवनी ग्रुपद्वारा बाढीपीडितलाई एक करोड ५१ लाख सहयोग

काठमाडौँ । भोटेकोशी बाढीका कारण प्रभावित भएकाहरूको उद्धार, राहत तथा पुनःस्थापनाका लागि शर्मा एण्ड कम्पनी तथा सञ्जीवनी ग्रुपले रु एक करोड ५१ लाख सहयोग उपलब्ध गराएको छ ।

अर्थ मन्त्रालयमा मंगलबार कम्पनी का अध्यक्ष रमेश शर्मा, सञ्चालक सौरभ शर्मा एवं सञ्जीवनी ग्रुपका सञ्चालक राजु बस्नेत क्षेत्रीले अर्थमन्त्री डा स्वर्णिम वाग्ले समक्ष सहयोग रकम हस्तान्तरण गर्नुभएको हो । बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखालगायत जिल्लाका तटीय क्षेत्रमा ठूलो जनधनको क्षति भएकाले प्रभावित सर्वसाधारणको तत्काल उद्धार, राहत तथा पुनःस्थापनाका लागि शर्मा एण्ड कम्पनी र संजीवनी ग्रुपको तर्फबाट सहयोग रकम प्रदान गरिएको छ ।

शर्मा एण्ड कम्पनी र सञ्जीवनी ग्रुपले बाढीका कारण शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दै विपद्बाट प्रभावित व्यक्ति र समुदायप्रति सहानुभूति व्यक्त गरी उहाँहरूको उद्धार एवं पुनःस्थापनालाई उच्च प्राथमिकतामा राख्न सरकार समक्ष आग्रह पनि गरेको छ ।

## भोटेकोशी बाढी सामना गर्न केन्द्रदेखि स्थानीय तहसम्म सर्वदलीय संयन्त्र बनाउन सहमति

काठमाडौँ । भोटेकोशी बाढीबाट उत्पन्न विपद्को सामना गर्न केन्द्रमा गठन गरिएको उच्चस्तरीय राजनीतिक संयन्त्रको ढाँचामा बागमती प्रदेशदेखि बाढी प्रभावित जिल्ला र स्थानीय तहसम्म सर्वदलीय संयन्त्र गठन गरेर अघि बढ्ने सहमति भएको छ ।

भोटेकोशी बाढीबाट भएको क्षति, बेपत्ताको खोजी, उद्धार, राहत तथा पुनःस्थापनाका विषयमा छलफल गर्न सिंहदरबारस्थित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संसदीय दलको कार्यालयमा आज बसेको सर्वदलीय बैठकले सरकारका तीनै तहले गरिरहेका कामलाई सहयोग र समन्वय गर्न प्रदेश, जिल्ला तथा स्थानीय तहमा सर्वदलीय संयन्त्र निर्माण गर्ने निर्णय गरेको हो । बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै रास्वपाका प्रवक्ता जगदीश खरेलले केन्द्रमा रास्वपा सभापति रवि लामिछानेको अग्रसरतामा गठन गरिएको उच्चस्तरीय संयन्त्रजस्तै बागमती प्रदेश तथा बाढी प्रभावित जिल्ला र स्थानीय तहमा पनि सर्वदलीय बैठक र संयन्त्र गठन गरेर विपद्को सामना गर्ने सहमति भएको जानकारी दिनुभयो ।

उहाँले बैठकमा सहभागी सबै राजनीतिक दल यस विषयमा सहमत भएको उल्लेख गर्दै अब प्रभावित जिल्लाका स्थानीय तहमा सर्वदलीय संयन्त्र बनाएर काम गर्न केन्द्रीय तहबाट सहमति जुटेको बताउनुभयो । उहाँकाअनुसार केन्द्रदेखि प्रदेश, जिल्ला र स्थानीय तहसम्म बन्ने यस्ता संयन्त्रले उद्देश्य सङ्घ, प्रदेश र स्थानीय सरकार तथा सरकारी संरचनाले गरिरहेका उद्धार, राहत, पुनःस्थापना र पुनःनिर्माणका कामलाई सहयोग गर्नेछ । रास्वपा प्रवक्ता खरेलले विपद् व्यवस्थापनलाई खोजी, उद्धार र राहतमा मात्र सीमित नराखी पुनःस्थापना, पुनःनिर्माण तथा दीर्घकालीन विपद् जोखिम न्यूनीकरणसम्म लैजान उच्चस्तरीय राजनीतिक संयन्त्रको आवश्यक औँल्याउनु भयो । राजनीतिक सहमति, तीनै तहका सरकारबीच समन्वय र प्रभावित समुदाय सँग राष्ट्रिय एकता कायम गर्न पनि यस्तो संयन्त्र दीर्घकालीन रूपमा आवश्यक रहेको उहाँको भनाइ थियो । उहाँले पहिलो सर्वदलीय बैठकले गरेका १० वटा निर्णयको कार्यप्रगतिको पनि दोस्रो बैठकमा समीक्षा गरिएको जानकारी दिनुभयो । राजनीतिक दलले खोजी, उद्धार र राहतका विषयमा सरकारको ध्यानाकर्षण गराउनुका साथै भएका प्रयासप्रति धन्यवाद व्यक्त गरेको र आगामी कामका लागि थप सुझावसमेत दिएको उहाँले बताउनुभयो ।

बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले अहिले सरकारको सबैभन्दा पहिलो प्राथमिकता प्रभावितको उद्धार हुनुपर्ने बताउनुभयो । त्यसपछि राहत र पुनःनिर्माणका काम अघि बढाउनुपर्ने उहाँको भनाइ थियो ।

